आज मिति २०८१/१०/०७ गते यस निस्दी गाउँपालिकाको ७६ औं गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति : १. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५.कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६.प्रमुख प्रशासकीय अधिकृत श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी

१७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. लेखा अधिकृत श्री सरोज काफ्ले

१९. कार्यालय सहयोगी श्री गम बहादुर गाहा

२०. का.स. श्री लाल ब. स्याङ्गताङ्

**मिति २०८१। १०।०९ गते बसेको निस्दी गाउँपालिकाको ७६ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा।

२. कन्टेनजेन्सी खर्च सम्वन्धी कार्यविधि २०८१ सम्वन्धमा।

३. न्यायीक समिति कार्यक्रम सम्वन्धमा।

४. ठेक्का सम्वन्धमा।

५. समपुरक तथा विषेश अनुदानको आयोजना माग सम्वन्धमा।

६. विविध।

०८१।१०।०३
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८१।१०।०९ गते बसेको निस्दी गाउँपालिकाको ७६ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो । प्रमुख प्रशासकीय अधिकृत बाट गाउँ कार्यपालिकाको कार्यालय बाट सम्पादन भएका सेवा प्रवाह ,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको कन्टेनजेन्सी खर्च ब्यवस्थापन सम्वन्धी कार्यविधि - २०८१ सर्वसम्मतीले पारित गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिका न्यायीक समितिको कार्यालयबाट आ व २०८१/०८२ मा देहाय अनुसार कार्यक्रम संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**देहाय**

| क स | कार्यक्रमको नाम | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | न्यायिक समिती तथा मेलमिलापकर्ता आधारभूत तालिम | ५,००,००० | तेस्रो चौमासिक |
| २ | मेलमिलाप केन्द्र ब्यवस्थापन र विविध | २,००,००० | ७ वटा वडा |
| ३ | न्यायीक समितिको अधिकार क्षेत्र तथा काम कर्तब्य र अधिकार र कानून सम्वन्धि अन्तरकृया कार्यक्रम | १,००,००० | प्रत्येक वडाको टोल टोलमा मेलमिलापकर्ता, जनप्रतिनिधि गएर कार्यक्रम संचालन गर्ने |
| ४ | मेलमिलापकर्ता अवलोकन भ्रमण | २,००,००० | |
| | जम्मा | १०,००,००० | |

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क) निस्दी गाउँपालिकाको ठेक्का नं NRM/WORKS/ROAD/04/2080-081 मदनपुर मोटर बाटो र NRM/WORKS/ROAD/05/2080-081 दार्शिङ्गवास मोटर बाटो निर्माणको म्याद २०८१ कात्तिक मसान्त सम्म रहेकोमा म्याद नाघी सक्दा समेत निर्माण कार्य सुचारु र सम्पन्न नभएको हुँदा आवश्यक कानूनी कारवाहीको लागी पत्रिकामा १५ दिने सूचना प्रकाशन गरि पुन ७ दिने स्पष्टिकरण र ताकेताको पत्राचार गर्दा

०८१।१०।१२

०८१।१०।०३

मदन अर्याल
प्रशासकीय अधिकृत

समेत वेवास्ता गरेको हुँदा कार्यसम्पादन जमानत जफत र कालो सूचिमा राख्न सिफारिस सहित आवश्यक कानूनी कारवाहीको प्रकृया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

ख) आ व २०८०/०८१ मा कार्यान्वयन हुने गरि संघिय शसर्तबाट विनियोजित बजेटबाट मिति २०८१।१०।०८ मा प्रकाशित ठेक्का नं NRM/WORKS/road/06/080-81 भई सम्झौता भएकोमा निर्धारित समयमा कार्य सम्पन्न नगरी आ.व को अन्त्यमा म्याद थप माग गरेकोमा मिति २०८१ /०३/२५ गतेको गाउँकार्यपालिका बैठकबाट आ.व २०८१/०८२ मा स्रोत सुनिश्चितता नभएकोले म्याद थप नगर्ने निर्णय बमोजिम निर्माण ब्यवसाईलाई मौखिक जानकारी गराउँदा उपस्थित नभएपछि मिति २०८१/०९/०२ मा लिखित पत्राचार गरिएकोमा बेवास्ता गरेपछि पुन मिति २०८१/०९/२१ मा तोकिएको समयमा उपस्थित /जानकारी नपठाएमा पछि कुनै दाबि बिरोध नरहने गरी पत्राचार गर्दा समेत पटक पटक वेवास्ता गरेको हुँदा सार्वजनिक हितको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा २(ख) र दफा ४ तथा खरिद नियमावली २०६४ को नियम १२७ को उपनियम (२) बमोजिम कुनै दाबी विरोध नरहने गरी सुविस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्ने सर्वसम्मत निर्णय गरियो।

ख) प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको आ.व २०८२/०८३ को लागी संघिय सरकार संग देहाय अनुसार समपुरक अनुदानको योजना र बिशेष अनुदानको योजना माग गर्ने सर्वसम्मत निर्णय गरियो।

**देहाय**

**समपुरक अनुदानको योजना**

| क्र स | योजनाको नाम | स्थान | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | केम खाम्चा मार्ग स्तरोन्नती तथा ग्रावेल | निस्दी गा.पाको १, २ ,३, ४ , ६ र ७ वडा जोड्ने | ४,००,००,००० | चार करोड मात्र |

**विशेष अनुदानको योजना**

| क्र स | योजनाको नाम | स्थान | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | सहलकोट स्वास्थ्य चौकी भवन निर्माण | निस्दी-२ सहलकोट | २,००,००,००० | दुई करोड मात्र |

ग) प्रस्ताव नं ६ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो।

क) केम खाम्चा मार्ग स्तरोन्नती तथा ग्रावेल योजनाको प्राविधिब रेखदेखको लागी अ.स.ई सहायक चौथो तहको कर्मचारी कन्टेनजेन्सी बाट खर्च गर्ने गरि दैनिक ज्यालादारीमा नियुक्ति गर्ने निर्णय गरियो।

२०८१/१०/०३

मदन ... प्रशासकीय अधिकृत

२०८१/१०/१२